नेपाल राष्ट्र बैंक
वित्त कम्पनी सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं, नेपाल
फोन नं.: ४४१५१५८
फ्याक्स नं.: ४४१५१५८
E-mail: nrbfisd@nrb.org.np
Web site: www.nrb.org.np
पोष्ट बक्स नं.: ७३

## जनरल फाइनान्स लिमिटेड, चावहिल काठमाडौ लाई समस्याग्रस्त वित्तीय संस्था घोषणा गरिएको बारे नेपाल राष्ट्र बैंकको सूचना

जनरल फाइनान्स लिमिटेड, चावहिल काठमाडौले २०६८ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा यस बैंकबाट स्थलगत निरीक्षण गर्दा उक्त संस्थाले यस बैंकको निर्देशन बमोजिम भाका नाघेको आधारमा कर्जा वर्गीकरण गरी सो अनुसार नोक्सानी व्यवस्था कायम नगरेको कारण सुपरिवेक्षकीय आधारमा रु.१९ करोड ४५ लाख ७ हजार र एकल ग्राहक कर्जा सीमा भन्दा बढी लगानी गरेको रु.५२ लाख २९ हजार कर्जा नोक्सानी व्यवस्थामा थप गर्नुका साथै संचालक सम्बद्ध कर्जा रु.४ करोड १४ लाख ५७ हजार प्राथमिक पुँजीबाट घटाउँदा संस्थाको पुँजीकोष ८.७३ प्रतिशतले ऋणात्मक हुन गएकोमा २०६९ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरणको आधारमा अनुगमन निरीक्षण गर्दा त्यस संस्थाको पुँजीकोष क्रमश: विग्रदै गई १६.८३ प्रतिशतले ऋणात्मक भएको हुँदा यस बैंकबाट पुँजीकोष सम्बन्धमा जारी निर्देशनको पालना हुन नसकेको ।

साथै, संस्थामा आन्तरिक नियन्त्रण प्रणाली र संस्थागत सुशासनको अवस्था कमजोर रहेको, व्यवस्थापन सूचना प्रणाली प्रभावकारी नरहेको, विवेकशील बैंकिङ्ग मान्यता (Prudential Banking Norms) को परिपालना कमजोर रहेको, जोखिम व्यवस्थापन सन्तोषजनक नरहेको तथा यसअघि पटक पटक दिईएका सुधारात्मक निर्देशनहरु संस्थाबाट पालना नभएको स्थितिमा संस्थालाई यथावत संचालन गर्न दिएमा सर्वसाधारणको निक्षेप जोखिममा पर्ने देखिएको, लगानीकर्ताको पुँजी थप क्षय हुने संभावना रहेको तथा वित्तीय प्रणालीमा नकारात्मक सन्देश प्रवाह हुने संभावना रहेकोले उक्त वित्तीय संस्थालाई बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४ को विनियम ३ को खण्ड (ङ) को (अ) अनुसार कारवाही गर्न तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ख बमोजिम समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी सोही ऐनको दफा ८६ग अनुसार ६ महिनाभित्र निम्न अनुसारका कार्यहरु गर्न निर्देशन दिइएको छ ।

**निर्देशनहरु:**

(क) यस बैंकको निर्देशन वमोजिम पुँजीकोष कायम गर्न ।
(ख) निक्षेप संकलन तथा नवीकरण नगर्न ।
(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न ।
(घ) निष्कृय कर्जाको अनुपात ५ प्रतिशत वा सो भन्दा कम गर्न ।
(ङ) प्रतिदिन प्रतिखाता दुईलाख रुपैयाँ भन्दा वढी निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको पूर्व स्वीकृति लिन ।
(च) नयाँ शाखा नखोल्न ।
(छ) स्थीर सम्पत्ति खरिद नगर्न तथा सम्पत्ति बिक्री गर्न यस बैंकको पूर्व स्वीकृति लिन ।
(ज) संचालकको भत्ता तथा सुविधा एवं कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न ।
(झ) यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न ।
(ञ) लाभांश वितरण नगर्न ।
(ट) संस्थागत सुशासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन ।
(ठ) वास्तविक वित्तीय अवस्था पत्ता लगाउन अविलम्ब DDA (Due Diligence Audit) गरी जानकारी गराउन ।
(ड) लेखापरीक्षण नभएको अवधिको लेखापरीक्षण सम्पन्न गराई यस बैंकलाई जानकारी गराउन ।